सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश

प.स. २०८०।०८१

च.न.

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२८

यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा शसर्त अनुदान अन्तर्गत सबै स्थानीय तहहरुमा क्षयर मुक्त स्थानीय तह अभियानका विभिन्न क्रियाकलापहरु संचालानार्थ क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम कार्यान्व मार्गदर्शन, २०७८ (तेश्रो संस्करण) र सरुमारानी गाउँपापालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन ग सम्बन्धी कार्यविधि, २०७६ बमोजिम यस गाउँकार्यपालिकाको मिति २०८०।१०।२५ गतेको निर्णयानुस देहायबमोजिम पदमा सेवा करारबाट पदपूर्ती गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रथम पटक सूच प्रकाशन भएको मितिले १५ दिनभित्र ईच्छुक उम्मेदवारहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि त शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि संलग्न राखी दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं | विज्ञापन नं | पद | तह | संख्या | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०६/०८०-८१ | कार्यक्रम संयोजक | अधिकृतस्तर छैठौं | १ | रु. १००० | |

१. **परीक्षाको किसिमः सरुमारानी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ अनुसार छोटो सूची प्रकाशन र अन्तरवार्ता।**

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट BPH वा स्वास्थ्य विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको ।

३. **दरखास्त दिने स्थानः** सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बड्डाँडा, प्यूठान ।

४. **दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशन गरेको मितिले १५ (पन्ध्र) दिन भित्र। सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

५. **उम्मेदवारको उमेरको हदः** दरखास्त बुझाउने अन्तिम मितिसम्म २१ बर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

६. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु - क) नागरिकता प्रमाणपत्र ख) उम्मेदवारको व्यक्तिगत विवरण ग) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र घ) चारित्रिक प्रमाण पत्र ङ) तालिमको प्रमाणपत्र च) अनुभव भए सोको कागजात छ) ३ प्रति पासपोर्ट फोटो ज) राजश्व बुझाएको नगदी रसिद झ) नेपाल बाहिरका शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारका हकमा equivalence certificate अनिवार्य पेश गर्नुपर्नेछ ।

७. **सेवा सुविधा तथा अन्यः** कार्यक्रममा तोकिए बमोजिम ।

८. परीक्षा कार्यक्रम छोटो सूची प्रकाशन संगै गरिने छ।

२०८०।१०।२८

***द्रष्टव्यः-अन्य आवश्यक जानकारीको लागि कार्यालय समयमा गाउँ कार्यपालिकाको कार्यालयमा स्वास्थ्य शाखामा सम्पर्क गर्नु होला।***

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत